☎ ०४६-५४०३१०

बरहथवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही
प्रदेश नं.२ नेपाल

मिति :-२०७५/०६/२५ गते

**विषय :-पोखरी ठेक्का सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकासित मिति २०७५/०६/२६ गते ।**

उपरोक्त विषयमा यस कार्यालयको मिति २०७५/०६/१७ गतेको निर्णय अनुसार तपशिलमा उल्लेखित पोखरी शिलबन्दि दरभाऊपत्र(टेण्डर) द्धारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपशिलमा उल्लेखित कुराहरु खुलाई यो सुचना प्रकाशीत भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर तिरी वोलपत्र खरीद गरी सिलबन्दी गरि यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशीत गरीएको छ ।

२०७५/६/२८

...............................

सुरेश राउत
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

**शर्तहरु :-**

१. वोल पत्र साथ ठेक्का लिने फर्म, संस्था ले फर्म इजाजत प्रमाण पत्रको प्रतिलिपि, पा नं./भ्याट नं. प्रतिलिपि, आ.व.०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि पेस गर्नु पर्ने छ ।

२. वोल पत्र यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयबाट खरीद गरी दर्ता गराई सक्नु पर्नेछ र १७ औ दिन दिनको २ :०० बजे उक्त बोलपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा खोलीने छ । तर ठेकेदार प्रतिनिधि नआए पनि सिलबन्दी खोल्न बाधा पर्ने छैन ।

३. वोल पत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम ने.वै.लि. बरहथवा स्थित च.हि.नं. १४००३००००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

४. वोल पत्र सिलबन्दी नगरि वा म्याद भित्र प्राप्त हुन नआएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र अर्को व्यक्ती वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६. वोल पत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ

७. वोल पत्र खरिद गर्ने दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलीपल्ट गरिने छ ।

८. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा निहित रहने छ ।